भाग ४

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना १

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ध्रुववरसिंह थापा एशियाली अफ्रिकी कानून परामर्शदातृ समितिको बैङ्ककमा हुने २६ सौं अधिवेशन र कोलम्बोमा हुने हिन्दमहासागरीय सामुद्रिक कार्यसम्बन्धी सम्मेलनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा मिति २०४३।९।२७ देखि सोही मन्त्रालयका विशेष सचिव श्री ईश्वरबहादुर श्रेष्ठलाई कायम मुकायम मुकरर गरिएकोमा उहाँ पनि विश्व बैङ्कको अन्तर्राष्ट्रिय विकास संस्थासंग हुने वार्तामा भाग लिन जानुभएकोले सचिव श्री ध्रुववरसिंह थापा फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१)को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही मन्त्रालयका सह-सचिव श्री गजेन्द्रमणि प्रधानलाई मिति २०४३।१०।९ देखि का.मु. मुकरर गरेको छ।

सूचना २

श्री ५ महाराजाधिराज सरकारको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको अनौपचारिक सवारी भ्रमणको सिलसिलामा गृह मन्त्रालयका सचिव श्री वीरबहादुर शाही दिपायलतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री टेकबहादुर थापालाई मिति २०४३।१०।११ देखि का.मु. मुकरर गरेको छ।

सूचना ३

श्री ५ महाराजाधिराज सरकारको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको अनौपचारिक सवारी भ्रमणको सिलसिलामा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री शङ्करकृष्ण मल्ल दिपायलतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।